# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रामतडी, मुगु
कर्णाली प्रदेश, नेपाल

कर्णाली प्रदेश,

प.सं:२०८२/०८३
च.नं: २३५४

मिति:-२०८३/०१/२९

विषय:-सरसफाई सप्ताह सञ्चालन गर्ने सम्बन्धमा।

श्री वडा कार्यालयहरु सबै,
श्री स्वास्थ्य संस्थाहरु सबै,
श्री सामुदायिक विद्यालयहरु सबै,
श्री गैर सरकारी संघ सस्थाहरु सबै,
श्री बजार व्यवस्थापन समिति तथा व्यवसायिहरु सबै,
खत्याड गाउँपालिका, रामतडी, मुगु।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौको प.सं.२०८२/०८३, च.नं.४३१ र मिति २०८३/०१/२८ गते राष्ट्रिय सरसफाई सप्ताह सञ्चालन गर्ने सम्बन्धमा यस कार्यालयमा प्राप्त पत्र र नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद् कार्यालयको निर्देशन बमोजिम मिति २०८३ बैशाख २८ गतेदेखि जेठ १ गतेसम्म राष्ट्रिय सरसफाई सप्ताह अभियान सञ्चालन गरिने भएको हुँदा यस खत्याड गाउँपालिका भित्र रहेका सम्पूर्ण सरकारी कार्यालय, गैर सरकारी संघ संस्थाहरु, शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्थाहरु, टोल, बजार क्षेत्र लगायतका स्थानहरुको वरिपरी नियमित सरसफाई, फोहोर व्यवस्थापन, प्लाष्टिक जन्य बस्तुहरुको न्युनिकरण, सुरक्षित खानेपानी तथा स्वच्छताका लागि तपशिल बमोजिमका कार्यहरुलाई विशेष ध्यान दिई राष्ट्रिय सरसफाई सप्ताहलाई प्रभावकारी रुपमा सञ्चालन गर्न/गराउनु हुन अनुरोध गरिन्छ। यस अभियानलाई सफल बनाउन सम्पूर्ण सरोकारवालाको सक्रिय सहभागिता तथा समन्वयको अपेक्षा गर्दछौं।

..............................
(बासुदेव कार्की)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

तपशिल

- कार्यालय तथा सार्वजनिक स्थलहरुको सरसफाई गर्ने।
- फोहोरको उचित व्यवस्थापन गर्ने।
- प्लाष्टिकजन्य फोहोरको न्युनिकरण गर्ने।
- शौचालयको नियमिति प्रयोग गर्ने।
- सुरक्षित खानेपानी तथा हात धुने बानिको विकास गर्ने।
- सामुदाय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।
- बजार, क्यान्टिन, होटल तथा सार्वजनिक स्थलहरु सफा र व्यवस्थित गर्ने।


Email: info@khatyadmun.gov.np, ito.khatyadmun@gmail.com
Website: www.khatyadmun.gov.np